बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कारोवार गर्ने गरी
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# पूर्णिमा विकास बैंक लिमिटेड

## PURNIMA BIKAS BANK LIMITED

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
रजिष्टर्ड कार्यालयः सिद्धार्थनगर नगरपालिका, वडा नं ८, रुपन्देही, नेपाल
फोन नं ०७१-५२०८५६, फ्याक्स नं ०७१-५२३०५७,
Email: info@purnimabank.com, URL:www.purnimabank.com
को

# हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू

**दरखास्तसाथ प्रति शेयर रू.१००- को दरले माग गरिएको**

रु. ३५२,३८५,१३२ बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ३५,२३,८५१।३२ कित्ता साधारण शेयरको चार शेयर बराबर एक शेयर (४ : १) (अर्थात विद्यमान चार कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधारण शेयर) को अनुपातमा रु.८८,०९६,२८२ बराबरको प्रति शेयर १००/–अंकित दरका ८,८०,९६२।८२ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

### निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३"अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

धितोपत्र लगानीमा हुनसक्ने जोखिमबारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ । यस विकास बैंकले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरुबारे यस विवरणको दफा "थ" मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/०२/०४
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति :२०७४/०३/१९
हकप्रद शेयर निष्काशन बन्द हुने मिति :२०७४/०४/२२

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः**

Siddhartha Capital Limited
Investing happiness

### सिद्धार्थ क्यापिटल लिमिटेड

पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेलःscl@siddharthacapital.com
वेवसाइटः www.siddharthacapital.com

**(क) संगठित संस्थाको नाम :** पूर्णिमा विकास बैक लिमिटेड
Purnima Bikas Bank Limited

**(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका, वडा नं ८, नारायणस्थान ( हाल प्रदेश नं. ५) रहेकोछ ।

**(ग) कारोवार स्थान**: उपरोक्त स्थानमा विकास बैंकले आफ्नो प्रधान कार्यालय खोलि बैंकिङ्ग कारोबार गरिरहेको छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार आफ्नो भौगोलिक क्षेत्र भित्र शाखा, उपशाखा वा अन्य कार्यालय खोली बित्तीय कारोबार गर्न सक्नेछ । यस बैंकको कार्यक्षेत्र ३ जिल्लामा रहेको छ ।

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**संगठित संस्थाको संक्षिप्त परिचय :**

यस विकास बैंक लिमिटेड ५६ जना लगानीकर्ताको पहलमा पब्लिक कम्पनीको रुपमा कम्पनी रजिष्ट्रारको कार्यलयमा मिति २०६४/११/२२ मा दर्ता नं. १०५९ बाट दर्ता भई नेपाल राष्ट्र बैंकको मिति २०६५/०१/३० को आर्थिक कारोवार गर्ने इजाजत पत्र अन्तर्गत २०६५ जेष्ठ ७ गते बुद्ध पूर्णिमाको दिन देखि आफ्नो कारोवार संचालन गर्न सुरु गरेको "ख" बर्गको वित्तिय संस्था हो । यसमा उद्योगी, व्यवशायी, बैंकिङ्ग क्षेत्रका जानकार आदिको वित्तिय लगानी रहेको छ । यस बैंकको रुपन्देही जिल्लामा केन्द्रीय कार्यालय सहित ६ वटा शाखा कार्यालयहरु तथा नवलपरासी जिल्लाको रामग्राम न.पा.मा १ वटा शाखा कार्यालय र चितवन जिल्ला भरतपूर महानगरपालिकामा १ वटा गरी कूल ८ वटा कार्यालयहरुबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ ।

**संगठित संस्थाको उद्देश्य :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस विकास बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

- ग्रामीण क्षेत्रका , आधुनिक बैंकिङ्ग ब्यवशाय संग परिचय नरहेका सर्बसाधारण सम्म बैंकको पहुंच बनाइ कारोवारमा सरिक बनाउने र कारोबारको माध्यम द्धारा बैंकिङ्ग पद्धति संग आबद्ध बनाइ सुबिधा प्रदान गर्ने ।
- गाउं तथा बिभिन्न क्षेत्रमा छरिएर रहेको पुंजी संकलन गरि सुरक्षाका साथै पूंजीमा उचित प्रतिफल दिने र आबश्यकता अनुसार साना तथा मझौला खालका उत्पादनमूलक कर्जा लगानी गर्ने ।
- शहरी क्षेत्रमा अत्याधुनिक बैंकिङ्ग सुबिधा प्रदान गर्नुका साथै उद्योग धन्दाको बिकासमा सक्दो योगदान पुऱ्याउने ।

**(ङ) शेयर पूँजीको संरचना :**

क) **अधिकृत पूँजी** : यस विकास बैंकको अधिकृत पूँजी रु.५०,००,००,०००/–(अक्षेरुपी पचास करोड) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ५०,००,००० (पचास लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ ।

ख) **जारी पूँजी :** यस विकास बैंकको जारी पूँजी रु.४४०,४८१,४१४।५९(अक्षेरुपी चौवालिस करोड चार लाख एकासी हजार चार सय चौध पैसा उनानसाठी मात्र) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ४४,०४,८१४।१५ कित्ता ( चौवालिस लाख चार हजार आठ सय चौध दशमलब पन्ध्र) कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ ।

ग) **चुक्ता पूँजी** : हाल यस विकास बैंकको चुक्ता पूँजी रु.३५२,३८५,१३१।६७ (अक्षेरुपी पैतिस करोड तेईस लाख पचासी हजार एक सय एकतिस पैसा सडसठी मात्र) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ३५,२३,८५१।३२( पैतिस लाख तेईस हजार आठ सय एकाउन्न दशमलब बत्तिस) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात विकास बैंकको चुक्ता पूँजी रु ४४०,४८१,४१४।५९(अक्षेरुपी चौवालिस करोड चार लाख एकासी हजार चार सय चौध पैसा उनानसाठी मात्र) हुनेछ ।

**(च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजीको स्थिति :**

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पूर्व हुने चुक्ता पूंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १७,९७,१६४।१७ | ५१ % | १७९,७१६,४१७।१५ | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १७,२६,६८७।१५ | ४९ % | १७२,६६८,७१४।५२ | शतप्रतिशत |
| | **जम्मा** | **३५,२३,८५१।३२** | १०० % | **३५२,३८५,१३१।६७** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने चुक्ता पूंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २२,४६,४५५।२२ | ५१ % | २२४,६४५,५२१।४४ | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | २१,५८,३५८।३३ | ४९ % | २१५,८३५,८९३।१५ | शतप्रतिशत |
| | **जम्मा** | ४४,०४,८१४।१५ | १०० % | ४४०,४८१,४१४।५९ | |

**(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा र उनीहरुले लिएको शेयर संख्या**

बैंकको हालका शेयरधनीहरु र उनीहरुले लिएको शेयर संख्या निम्न बमोजिम छ।

| क्र.सं. | संस्थापकको नाम | ठेगाना | शेयर कित्ता |
|---|---|---|---|
| १ | डा.हरिहर देव पन्त | का.म.न.पा. ३२ अनामनगर | ५,६३८ |
| २ | श्री निधान चन्द्र श्रेष्ठ | सि.न.पा–८ रुपन्देही | ७७,०२२ |
| ३ | श्री प्रकाश राज शर्मा | हेकुली –४, दाङ्ग | १३,३५० |
| ४ | श्री राजुनारायण श्रेष्ठ | सि.न.पा–७ रुपन्देही | ४०,०५१ |
| ५ | श्री नारायण प्रसाद अग्रवाल | सि.न.पा.५, रुपन्देही | ६७,५२३ |
| ६ | श्री लोकनाथ नेपाल | सि.न.पा–९ रुपन्देही | २२,२५१ |
| ७ | श्री हरिहर प्रसाद नेपाल | सि.न.पा.–७ रुपन्देही | १२,८३८ |
| ८ | श्री राजेन्द्र प्रसाद श्रेष्ठ | सि.न.पा–३ रुपन्देही | २५,६७४ |
| ९ | श्री बिजय गोबिन्द श्रेष्ठ | सि.न.पा–१३ रुपन्देही | २२,७५४ |
| १० | श्री परमहंशलाल श्रीवास्तव | सि.न.पा–१३ रुपन्देही | ३३,३७६ |
| १ | श्री टोप बहादुर रायमाझी | सि.न.पा– ९ रुपन्देही | ४६,९८४ |
| १२ | श्री यदुनाथ पौडेल | सि.न.पा–८ रुपन्देही | ४३,६४५ |
| १३ | श्री भोजराज बस्याल | सि.न.पा. ९, रुपन्देही | १३,३४९ |
| १४ | श्री कृष्ण मुरारी अग्रवाल | सि.न.पा–५ रुपन्देही | १३,८८३ |
| १५ | श्री खुम बहादुर भण्डारी | शंकरनगर–३ रुपन्देही | १६,६८९ |
| १६ | श्री पुण्य प्रसाद ढकाल | शंकरनगर–६ रुपन्देही | ४१,६७५ |
| १७ | श्री कृष्ण प्रसाद शर्मा | सि.न.पा–६ रुपन्देही | १००,८९९ |
| १८ | श्री कृष्ण प्रसाद ढ्वा | सि.न.पा–१२ रुपन्देही | १७,०७४ |
| १९ | श्री शुशिल ढकाल | सेमलार ३, रुपन्देही | ५,१३५ |
| २० | श्री अभिदत्त शर्मा | सि.न.पा–६रुपन्देही | १९,२५६ |

| | | | |
|---|---|---|---|
| २१ | श्री झलक बहादुर रायमाझी | छहरा–४ पाल्पा | ३३,३७६ |
| २२ | श्री हरिओम गुरुङ्ग | सि.न.पा–१३ रुपन्देही | ३४,६६१ |
| २३ | श्री याम प्रसाद पराजुली | सि.न.पा–८रुपन्देही | ५५,७१२ |
| २४ | श्रीमती ममता गौतम | सि.न.पा–१३ रुपन्देही | ५०,१६६ |
| २५ | श्री कृष्ण प्रसाल लम्साल | सि.न.पा–८ रुपन्देही | ३३,३७६ |
| २६ | श्रीमती नरमदा बस्याल | सि.न.पा–८ रुपन्देही | ३३,३७६ |
| २७ | श्री खरिलाल बगाले | शंकरनगर–९ रुपन्देही | ३३,३७६ |
| २८ | श्री टिका बहादुर हिराचन | सि.न.पा–७ रुपन्देही | ५३,९१५ |
| २९ | श्री नारायण बहादुर कार्कि | सौ.फर्साटिकर,५रुपन्देही | १३,४१३ |
| ३० | श्री नारायण प्रसाद पन्थी | सि.न.पा–९ रुपन्देही | ९,९५० |
| ३१ | श्री दिपककुमार अग्रवाल | सि.न.पा.५, रुपन्देही | ७,७०३ |
| ३२ | श्री ध्रुब राज कोईराला | मधवलिया,४ रुपन्देही | १५,५७६ |
| ३३ | सुश्री कल्पना के.सी. | सि.न.पा–९ रुपन्देही | २१,०५३ |
| ३४ | श्री ईश्तीयाक अहमद | सि.न.पा–१ रुपन्देही | २३,१९२ |
| ३५ | श्री तेजलाल राजभण्डारी | सि.न.पा–७ रुपन्देही | ३३,३७६ |
| ३६ | श्री संजय जयसवाल | सि.न.पा–६ रुपन्देही | २७,७६७ |
| ३७ | श्री राम प्रसाद कर्माचार्य | सि.न.पा–१ रुपन्देही | ३३,३७६ |
| ३८ | श्री उर्मिला श्रेष्ठ | सि.न.पा–१ रुपन्देही | २९,८८८ |
| ३९ | श्री नन्द लाल शर्मा | सि.न.पा–७ रुपन्देही | ३८,५११ |
| ४० | श्री डोलराज शर्मा | सि.न.पा–८ रुपन्देही | ३८,५१० |
| ४१ | श्री कमल मान सिहं गैडा | सि.न.पा–१२ रुपन्देही | १७,९७२ |
| ४२ | श्री किरण नारायण श्रेष्ठ | पडसरी–८ रुपन्देही | ४४,४१६ |
| ४३ | श्रीमति भवलक्ष्मी श्रेष्ठ | पडसरी–८ रुपन्देही | ४३,६४५ |
| ४४ | श्री राम दयाल बोहरा | सि.न.पा–१ रुपन्देही | २१,३५९ |
| ४५ | श्री मोहन कटुवाल | सि.न.पा–१ रुपन्देही | १६,६८९ |
| ४६ | श्री केशबराज नेपाल | चिल्हिया–१ रुपन्देही | २९,५२६ |
| ४७ | श्री बृजेशकुमार अग्रवाल | सि.न.पा.५, रुपन्देही | २७,७६७ |
| ४८ | श्री प्रतिमा अर्याल | सि.न.पा.८, रुपन्देही | ३३,३७६ |
| ४९ | श्री सुरज उप्रेती | सि.न.पा–८ रुपन्देही | ६६,७५२ |
| ५० | श्री ईश्वरी घिमिरे | सि.न.पा–८ रुपन्देही | २४,४३७ |
| ५१ | श्री विष्णु प्रसाद शर्मा | सि.न.पा.९, रुपन्देही | ७७,४०२ |
| ५२ | श्री कृष्ण पुकार मुनङ्खमि | सि.न.पा।, ७, रुपन्देही | ३९,५१४ |
| ५३ | श्री राजेन्द्र कुमार घिमिरे | लक्ष्मीपुर–४, दाङ | १५,९१९ |
| ५४ | श्री खुसल राज सुवेदी | त्रि.न.पा.६, दाङ | १३,३४९ |
| ५५ | श्री अनिल कुमार गौतम | हलवार ६, दाङ | १३,३४९ |
| ५६ | सुश्री जानकी बस्याल | करहिया ९, रुपन्देही | ३९,९८८ |
| ५७ | श्री मेरी पाण्डे | घट्टेकुलो, काठमाण्डौ | २८७ |
| ५८ | सुश्री एलिना पन्त | घट्टेकुलो, काठमाण्डौ | २८७ |
| | | **संस्थापक समूहको जम्मा** | १७,९७,१६४।१७ |
| | | **सर्वसाधारण समूहको जम्मा** (कर्मचारीहरु समेत) | १७,२६,६८७।१५ |
| | | **विद्यमान जम्मा शेयर कित्ता** | **३५,२३,८५१।३२** |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

शेयरधनीको नाममा कायम रहेको शेयरको ४: १ को अनुपातमा अर्थात विद्यमान चार कित्ता शेयर बराबर नयाँ एक कित्ताको दरले हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले भुक्तानी माग गर्ने गरी रु. ८,८०,९६२।८२ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिएको छ ।

**(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा बार्षिक साधारण सभाले गरेको निर्णय :** कम्पनीको पूँजी बृद्धि गर्न ४:१ ( चार शेयर बराबर एक शेयर) बराबर हकप्रद शेयर जारी गर्ने निर्णय भयो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभा सम्पन्न भएको मिति :** नवौं साधारण सभा सम्पन्न भएको मिति २०७३।०९।२३

**(ञ) सञ्चालकहरुको परिचय**

विकास बैंकको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम | पद | योग्यता | ठेगाना | अनुभव | समुह |
|---|---|---|---|---|---|---|
| १. | श्री निधान चन्द्र श्रेष्ठ | अध्यक्ष | बि.ए. | सि.न.पा ८ | ३६ बर्षको व्यवसायीक कार्य अनुभव, हाल:क्षे.प्रबन्धक नेपाल जनरल मार्केटिङ्ग प्रा.लि. तथा समाजसेवी , बिगत ९ बर्ष देखि यस बैंकको सञ्चालक रहेको। | संस्थापक |
| २. | श्री सुरज उप्रेती | संचालक | बि.ई सिभल तथा एम.बि.ए | सि.न.पा ८ | सञ्चालक :<br>१) एस आर स्टील<br>२)एसआर रियल स्टेट<br>३)एसआर टावर ,<br>४) एसआर फुडस्, बिगत ५ बर्ष देखि यस बैंकको सञ्चालक रहेको। | संस्थापक |
| ३ | श्री हरिहर प्रसाद नेपाल | संचालक | बि.कम | सि.न.पा ७ | कृर्षि बिकास बैंक लिमिटेडको निवर्तमान अधिकृत, बैंकिङ्ग क्षेत्रको ३० बर्षको कार्य अनुभव | संस्थापक |
| ४. | श्री मदन कंडेल | संचालक | एम.बि.एस | धादिङ्ग | विगत १६ वर्षमा वस्तु उत्पादन, पर्यटन, निर्माण तथा शिक्षण पेशामा कार्यानुभव । बिगत ५ बर्ष देखि यस बैंकको सञ्चालक रहेको। | सर्वसाधारण |
| ५. | श्री ललित वहादुर चन्द | संचालक | बि.ए | दशरथचन्द - ६ , बैतडी | भु.पु प्रहरी निरिक्षक , नेपाल प्रहरी | सर्वसाधारण |
| ६. | श्री राजेन्द्र प्रसाद श्रेष्ठ | संचालक | आई. ए | सि.न.पा ३ | २५ बर्षको नेपाल बैंक लि.मा कार्य अनुभव | सर्वसाधारण |

**विकास बैंकको प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिवको विवरण :**

| नम | योग्यता | ठेगाना | अनुभव |
|---|---|---|---|
| श्री प्रकाश गुरुङ्ग | व्यवस्थापनमा स्नातकोपाधि | वहाकोट १, स्याङ्गजा | १) पोखरा फाईनान्स लि – ६ बर्ष, साबिक हिमचुली बिकास बैंक हाल भिवोर सोसाईटि डेभलपमेन्ट बैंक लि – २ बर्ष , साग्रिला डेभलपमेन्ट बैंक लि – ४ बर्ष भन्दा बढी र पूर्णिमा बिकास बैंक लिमिटेडमा बिपत ६ बर्ष देखि हाल सम्म कुल १८ बर्षको बैंकिङ्ग क्षेत्रको कार्य अनुभव |

**(ट) सञ्चालक समितिको बनौट :**

यस विकास बैंकको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| 'क' समुहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | ३ जना |
| 'ख' समुहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | ३ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

**नोट :** नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक नियुक्त हुन बाँकी रहेकोले यस बैंकको विनियमावली अनुसार विकास बैंकको संचालक संख्या ६ जना रहेको ।

**(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :**

साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको चार शेयर बराबर एक शेयर (४ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन । दरखास्तसाथ प्रति शेयर रु.१०० ।– को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंक वा तोकिएको संकलनकेन्द्रमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

**(ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

हकप्रद शेयर खुल्ला अवधीमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहेमा संचालक समितिको निर्णय अनुसार अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**(ढ). हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु १०० कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

## (ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ

बैंकको विगत तीन आर्थिक वर्ष (आ.व.) को लेखापरीक्षण भएको समिष्टिकृत वित्तीय विवरण, दोस्रो त्रैमासिक २०७३/७४ को आर्थिक विवरण तथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

### वासलात

(रु. हजारमा)

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. | आ.ब. | आ.व | *आ.व. ७३/७४ पौष मसान्त | आ.ब. | आ.ब. | आ.ब. |
| **पूंजी तथा दायित्व** | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ |
| १. शेयर पूंजी | १३६,१२५ | २०१,७०९ | २५१,५३१ | ३५२,३८५ | ५०६,५५४ | ५०६,५५४ | ५०६,५५४ |
| २. जगेडा कोषहरु | १६,५१८ | २६,१६७ | ३९,९६३ | ९५,१२० | १७१,३४२ | ३१९,२४९ | ४८२,३९६ |
| ३. ऋणपत्र तथा वन्ड | - | - | - | - | - | - | - |
| ४. तिर्न वांकी कर्जा तथा सापट | - | - | - | - | - | - | - |
| ५. निक्षेप दायित्व | १,४९३,५३९ | १,७९०,२२० | २,३२१,८४४ | २,४३२,५४० | ३,९५२,४३२ | ६,३२३,७७३ | ७,५८८,५२८ |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | - | - | - | - | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन वांकी लाभांश | १,३७५ | २,००४ | २,६२२ | - | - | - | - |
| ८. आयकर दायित्व | ६२८ | - | १,३४८ | १९,९६९ | ५६,३०५ | ६३,३८९ | ६९,९२० |
| ९. अन्य दायित्व | ३२,८४८ | ३६,६०० | ४२,१६९ | ४४,९१५ | ६३,२५३ | ६९,५७८ | ७३,०५७ |
| **कुल दायित्व** | **१,६८१,०३३** | **२,०५६,७००** | **२,६५९,४७७** | **२,९४४,९२९** | **४७४९८८६** | **७,२८२,५४३** | **८,७२०,४५४** |
| **सम्पत्ती** | | | | | | | |
| १. नगद मौज्दात | ३०,९३९ | २१,३५५ | ३३,९८९ | २७,०६४ | २८,०२१ | ३६,४०७ | ४९,८२० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ७२,८७९ | २३३,६४९ | २५६,९०३ | १४७,५१९ | ३३३,९७४ | ६०१,१५४ | ८४१,६१५ |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ५८०,६१८ | ४३८,२०३ | ६४४,९६२ | ६८३,४६३ | १,१२८,६८३ | २,७४२,७०० | ३,५३८,०८३ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | - | - | - | - | - |
| ५. लगानी | ८,९२४ | १४,१५५ | ९,९२८ | १६,७१० | २३,६४२ | २४,८८३ | २६,१८६ |
| ६. कर्जा सापट तथा विल खरिद | ९६९,४१६ | १,३२४,४३१ | १,६८६,३४३ | २,०२३,३७२ | ३,२०७,८४४ | ३,८४९,२५८ | ४,२३४,२७१ |
| ७. स्थिर सम्पत्ती | १०,०३४ | ९,४५९ | १४,८४१ | १५,१७६ | १५,९३५ | १७,५२८ | १९,२८१ |
| ८. गैर वैंकिंग सम्पत्ती | - | - | - | - | - | - | - |
| ९. अन्य सम्पत्ती | ८,२२२ | १५,४४७ | १२,५१० | ३१,६२५ | ११,७८७ | १०,६१४ | ११,१९८ |
| **कुल सम्पत्ती** | **१,६८१,०३३** | **२,०५६,७००** | **२,६५९,४७७** | **२,९४४,९२९** | **४७४९८८६** | **७,२८२,५४३** | **८,७२०,४५४** |

***व्यवस्थापनबाट प्रमाणित अपरिस्कृत वित्तीय विवरण**

## नाफा नोक्सान

(रु. हजारमा)

| विवरण | | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | आ.व २०७२/०७३ | *आ.व. ७३/७४ पौष मसान्त | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ |
| १. | ब्याज आम्दानी | १६७,९४० | १९०,३२६ | २२२,३४० | १४४,७०७ | ३६७,७१७ | ४९९,८०७ | ५७०,६३४ |
| २. | ब्याज खर्च | १०२,२८६ | ९७,३८० | १००,४३३ | ५७,२६९ | १४१,१७१ | २३१,२१५ | २७८,२४६ |
| | **खुद ब्याज आम्दानी** | **६५,६५४** | **९२,९४६** | **१२१,९०६** | **८७,४३८** | **२२६,५४६** | **२६८,५९२** | **२९२,३८८** |
| ३. | कमिशन तथा डिस्काउण्ट | १,७३३ | १,५३९ | १,५८९ | ७४३ | २,९७२ | ३,१२० | ३,४३२ |
| ४. | अन्य संचालन आम्दानी | १५,१८६ | १७,३९९ | २१,३७१ | १३,००४ | ३२,०५७ | २७,२४८ | २५,५७९ |
| ५. | सटही घटबढ आम्दानी | – | – | – | – | – | – | – |
| | **कुल संचालन आम्दानी** | **८२,५७२** | **१११,८८४** | **१४४,८६६** | **१०१,१८५** | **२६१,५७४** | **२९८,९६१** | **३२१,३९९** |
| ६. | कर्मचारी खर्च | १४,७५४ | १५,९९४ | १९,५४७ | ११,४६७ | २२,९३४ | ३८,९८७ | ३९,३७७ |
| ७. | अन्य संचालन खर्च | १७,५३५ | २०,०२२ | २५,१५६ | १२,१६३ | २४,३२६ | २६,७५९ | २८,३५६ |
| ८. | सटही घटबढ नोक्सान | | | – | | ( | ( | ( |
| | **संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **५०,२८३** | **७५,८६८** | **१००,१६३** | **७७,५५५** | **२१४,३१५** | **२३३,२१५** | **२५३,६६६** |
| ९. | सम्भावित नोक्सानी व्यबस्थाहरु | १,६७५ | ४,९८१ | ४,६८६ | ४,७९६ | १७,६४७ | ७,१६३ | ४,३०५ |
| | **संञ्चालन मुनाफा** | **४८,६०८** | **७०,८८७** | **९५,४७६** | **७२,७५९** | **१९६,६६८** | **२२६,०५२** | **२४९,३६१** |
| १०. | गैर सञ्चालन आम्दानी / नोक्सान | ६,०१६ | १,७७९ | ७,१४२ | ४५६ | ७,४९९ | ६,३७४ | ७,०१२ |
| ११. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ७९३ | – | १,०५७ | ५ | २,२८५ | – | – |
| | **नियमित कारोवारबाट भएको मूनाफा** | **५५,४१८** | **७२,६६६** | **१०३,६७६** | **७३,२२०** | **२०६,४५२** | **२३२,४२६** | **२५६,३७३** |
| १२. | असामान्य कारोवारहरुबाट भएको मूनाफा/खर्च | ( | ( | – | | ( | ( | ( |
| | **सम्पूर्ण कारोवार समावेश पछिको खूद मूनाफा** | **५५,४१८** | **७२,६६६** | **१०३,६७६** | **७३,२२०** | **२०६,४५२** | **२३२,४२६** | **२५६,३७३** |
| १३. | कर्मचारी बोनस व्यबस्था | **५०३८** | **६६०६** | **९४२५** | **६६५६** | **१८७६८** | **२११३०** | **२३३०७** |
| १४ | आयकर व्यबस्था | *१४,६४५* | *२०,०३३* | *२८,०१०* | *१९,९६९* | *५६,३०५* | *६३,३८९* | *६९,९२०* |
| **खुद नाफा/नोक्सान** | | **३५,७३५** | **४६,०२६** | **६६,२४०** | **४६,५९५** | **१३१,३७९** | **१४७,९०७** | **१६३,१४६** |
| **शेयर संख्या (हजारमा)** | | १,३६१ | २,०१७ | २,५१५ | २,५१५ | ५,०६६ | ५,०६६ | ५,०६६ |
| **प्रति शेयर आम्दानी (रु)** | | २६.२५ | २२.८२ | २६.३३ | १८.५२ | २५.९४ | २९.२० | ३२.२१ |

***व्यवस्थापनबाट प्रमाणित अपरिस्कृत वित्तीय विवरण**

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| विवरण | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ७०.२३% | ६०.००% | २०.००% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ९०.२२% | २०.००% | १०.००% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ७०.०५% | ५४.४४% | ४९.९२% |
| ४. कुल आयमा औषत बृद्धिदर | १६४.१९% | १३१.६४% | ११३.१०% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | १३७.५५% | १४७.५८% | ११५.१८% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ११.७३% | १२.४०% | ११.३०% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | ९८.३४% | १२.५८% | १०.३०% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ४.५०% | ४.५०% | ४.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १३.५०% | १३.००% | १३.००% |
| १०. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ०.२३% | ०.२३% | ०.२३% |
| लगानी मा प्रतिफल | - | - | - |
| अन्य संचालन खर्चका वृद्धिदर | -३.३०% | १०.००% | ५.९७% |
| कर्मचारी खर्चमा बृद्धिदर | १७.३२% | ७०.००% | १.००% |
| % of Provision on Total Gross Loan | १.११% | १.११% | १.११% |
| CRR | ५.३९% | ५.६०% | ६.१८% |
| SLR | ११.७९% | १२.१५% | १२.४२% |

**#** माथि उल्लेख गरिएका वित्तीय विवरण तथा प्रक्षेपित वित्तीय विवरण तयार र विश्लेषन गर्ने ब्यवसायिक संस्थामा निष्काशनकर्ता विकास बैंक आफै रहेको छ । निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा प्रेशित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु ठिक छ भनी प्रमाणित गर्नेमा आर.के.एस. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सका तर्फबाट सि.ए. श्री राजेश कुमार शाह हुनुहुन्छ ।

(ख) विकास बैंकको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति(नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४* पौष मसान्त | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| **चुक्ता पूँजी** | १३६,१२५ | २०१,७०९ | २५१,५३१ | ३५२,३८५ | ५०६,५५४ | ५०६,५५४ | ५०६,५५४ |
| **जगेडा तथा कोष** | १६,५१८ | २६,१६७ | ३९,९६३ | ९५,१२० | १७१,३४२ | ३१९,२४९ | ४८२,३९६ |
| **कुल** | **१५२,६४३** | **२२७,८७६** | **२९१,४९४** | **४४७,५०५** | **६७७,८९५** | **८२५,८०३** | **९८८,९४९** |
| **घटाउने : अपलेखन गर्न बाँकी खर्च** | (१,३१९) | (१,२५१) | (८४४) | (७४९) | - | - | - |
| **कुल नेटवथ** | **१५१,३२४** | **२२६,६२४** | **२९०,६५०** | **४४६,७५६** | **६७७,८९५** | **८२५,८०३** | **९८८,९४९** |
| **शेयर संख्या (हजारमा)** | १,३६१ | २,०१७ | २,५१५ | ३,५२४ | ५,०६६ | ५,०६६ | ५,०६६ |
| **प्रति शेयर नेटवर्थ (रु.)** | १११ | ११२ | ११५.५५ | १२६.७८ | १३३.८३ | १६३.०२ | १९५.२३ |
| **प्रति शेयर चुक्ता पूँजी** | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **नेटवर्थमा औसत प्रतिफल** | २३.६१% | २०.३१% | २२.७९% | १०.४३% | १९.३८% | १७.९१% | १६.५०% |
| निष्काशन पूर्वको प्रति आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | २४.४५% | | |

**त) विकास बैंकको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा-नोक्सान हिसावको विवरण :**

विकास बैंकको आ.व.२०७२/०७३ को लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाबकोविवरण देहाय बमोजिम रहेको छ।

**२०७३ आषाढ मसान्तको वासलात**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| १. शेयर पूंजी | २५१,५३१ |
| २. जगेडा कोषहरु | ३९,९६३ |
| ३. ऋणपत्र तथा वन्ड | - |
| ४. तिर्न वांकी कर्जा तथा सापट | - |
| ५. निक्षेप दायित्व | २,३२१,८४४ |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन वांकी लाभांश | २,६२ |
| ८. आयकर दायित्व | १,३४८ |
| ९. अन्य दायित्व | ४२,१६९ |
| **कुल दायित्व** | २,६५९,४७७ |
| **सम्पत्ती** | |
| १. नगद मौज्दात | ३३,९८९ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २५६,९०३ |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ६४४,९६२ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | ९,९२८ |
| ६. कर्जा सापट तथा विल खरिद | १,६८६,३४३ |
| ७. स्थिर सम्पत्ती | १४,८४१ |
| ८. गैर वैंकिंग सम्पत्ती | - |
| ९. अन्य सम्पत्ती | १२,५१० |
| **कुल सम्पत्ती** | २,६५९,४७७ |

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| | विवरण | रकम (रु. हजारमा) |
|---|---|---|
| १. | ब्याज आम्दानी | २२२३४ |
| २. | ब्याज खर्च | १००४३३ |
| | **खुद ब्याज आम्दानी** | **१२१९०६** |
| ३. | कमिशन तथा डिस्काउण्ट | १५८९ |
| ४. | अन्य संचालन आम्दानी | २१३७१ |
| ५. | सटही घटबढ आम्दानी | |
| | **कुल संचालन आम्दानी** | **१४४८६६** |
| ६. | कर्मचारी खर्च | १९५४७ |
| ७. | अन्य संचालन खर्च | २५१५६ |
| ८. | सटही घटबढ नोक्सान | |
| | **संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **१००१६३** |
| ९. | सम्भावित नोक्सानी व्यबस्थाहरु | ४६८६ |
| | **संञ्चालन मुनाफा** | **९५४७६** |
| १०. | गैर सञ्चालन आम्दानी / नोक्सान | ७१४२ |
| ११. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १०५७ |
| | **नियमित कारोवारबाट भएको मुनाफा** | **१०३६७६** |
| १२. | असामान्य कारोवारहरुबाट भएको मूनाफा/खर्च | |
| | **सम्पूर्ण कारोवार समावेश पछिको खूद मूनाफा** | **१०३६७६** |
| १३. | कर्मचारी बोनस व्यबस्था | ९४२५ |
| १४. | आयकर व्यबस्था | २८०१० |

| खुद नाफा/नोक्सान | ६६२४० |
|---|---|

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्त सम्मको नाफा नोक्सान बाँडफाँड हिसाव**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| १. गत बर्षको सचिंत नाफा | २२१.३७ |
| २. यस वर्षको मुनाफा | ६६२४० |
| ३. सटही घटवढ कोष | |
| ४. शेयर प्रिमियम | |
| **जम्मा** | **६६४६२** |
| १. गत वर्ष सम्मको सञ्चित नोक्सान | |
| २. यस वर्षको खुद नोक्सान | |
| ३. साधारण जगेडा कोष | १३२४८ |
| ४. भैपरी आउने जगेडा कोष | |
| ५. संस्था विकास कोष | |
| ६. लाभांश समीकरण कोष | |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | |
| ८. प्रस्तावित लाभांश | २,६२२ |
| ९. प्रस्तावित बोनस शेयर जारी | ४९,८२२ |
| १०. विशेष जगेडा कोष | |
| ११. सटही घटबढ कोष | |
| १२. पूंजी फिर्ता जगेडा कोष | |
| १३. पूंजी समायोजन कोष | |
| १४. अन्य (स्थगन कर जगेडा) | ८१४.३४ |
| १४. लगानी समायोजन कोष | (९२) |
| **जम्मा** | ६६,४१५ |
| १५ सञ्चित मुनाफा (नोक्सान) | ४७ |

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

घ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।

च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

छ) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

ज) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाल बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जाखिमहरु ।

झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

ञ) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटवढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

ट) विकास बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेको हुँदा ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न विकास बैंकले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ :
विकास बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि विकास बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ । विकास बैंकले वित्त वजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुवाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ ।

**<u>धितोपत्रको मूल्य परिवर्तन सम्बन्धि जोखिम :</u>**

निष्काशन गरिएको शेयर मूल्य रु. १००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**(द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

विकासबैंकले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा बैंकको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ ।

क) विकास बैंकको रजिष्टर्ड कार्यालय, भैरहवा, रुपन्देही ।

**ख)** धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंस्थितकार्यालयबाट ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण**

प्रत्याभुत नगरिएको ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

बैंकले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँडमा परेका शेयरधनीहरु मध्ये हितग्राही खाता नभएका शेयरधनीहरुको हकमा हितग्राही खाता माग गरितथा हितग्राही खाता भएका शेयरधनीहरुको हकमा निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

**(फ) संगठित संस्थाको कारोवारमा असर पार्ने कुनै विवाद/मुद्दा भए सो को विवरण :**

सो नभएको ।

**(ब) हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको ४: १ को अनुपातमा (विद्यमान ४ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा बैंकद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि बैंकको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः**

हक हस्तान्तरण सम्वन्धि व्यवस्था नभएको ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

क) विकास बैंकको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था एन.वि.एस.एम. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स काठमाण्डौ का सिए. निल बहादुर सारु मगर रहेकाछन ।

ख) विकास बैंकको कम्पनी सचिवमा श्री प्रकाश गुरुङ्ग रहनुभएको छ ।

ग) विकास बैंकको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा ब्यबसायिक संस्था श्री आर.के.एस एसोसियट्सका तर्फवाट सि.ए. श्री राजेश कुमार शाहले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" ब्यबसायिक संस्था सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौं रहेको छ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य**

क) नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार यस विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूंजी रु ४४ करोड ४ लाख ८१ हजार ४ सय १४ पैसा उनानसाठ्ठी रहेको र सोही अनुसार पूंजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको ।

ख) नेपाल राष्ट्र बैंकले निर्देशन दिए अनुरुप विकास बैंकको भविष्यमा पूँजी कोष अपर्याप्त हुने देखिएकोले समयमा नै हकप्रद शेयर जारी गर्नुपर्ने ।

ग) विकास बैंकको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा चार शेयर वरावर एक शेयर (४:१) को अनुपातमा हकप्रद शेयर निष्काशन गरि विकास बैंकलाई आवश्यक पर्ने पुँजी संकलन गर्ने ।

घ) विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूंजी संकलन गर्न ।

ङ) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।

च) नेपाल राष्ट्र बैंकले २०७४ अषाढ मसान्तसम्म पुऱ्याउनुपर्ने भनि तोकिएको पूँजी हकप्रद शेयर निष्काशन नगरी पुऱ्याउन नसकिने भएकोले हकप्रद शेयर जारी गर्नुपर्ने उद्देश्य रहेको ।

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछ :

| सि.नं. | शिर्षक | अनुमानित रकम (रु हजारमा) |
|---|---|---|
| १ | तरलता/बैंक | २०००० |
| २ | शाखा विस्तार तथा भौतिक पुर्वाधार निर्माण | ३०००।२८ |
| ३ | व्यापारिक कर्जा लगानी | १०००० |
| ४ | घर कर्जा लगानी | १०००० |
| ५ | हायरपर्चेज कर्जा लगानी | २००० |
| ६ | पर्यटन क्षेत्र कर्जा लगानी | १५००० |

| | | |
|---|---|---|
| ७ | कृषि, घरेलु तथा साना उद्योग कर्जा लगानी | २८०९६ |
| | **जम्मा** | **८८०९६।२८** |

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैतिस दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सवै धितोपत्र विक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**(ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री पूर्णीमा विकास बैंक लिमिटेड, भैरहवा, रुपन्देही तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु । |
| २. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३ | श्री सिद्धार्थ बैंक लिमिटेड, तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

घ) दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

**(व) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

विकास बैंकले आफूले गर्ने व्यवसायसँग सम्बन्धित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण बैंकको रहेको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम बैंकका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको विकास बैंकको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ असार मसान्तभित्र न्यूनतम पूँजी बृद्धि गरिसक्नुपर्ने गरि निर्देशन दिएको सन्दर्भमा हकप्रद शेयर निष्काशनको लागि क्रेडिट रेटिङ्ग गर्न नपर्ने गरी छुटको व्यवस्था अनुसारदेहायका शर्तहरु पूरा गरेका भनी यस बैंकको स्वघोषणा रहेको छ ।

**१. अंकित मूल्यमा हकप्रद शेयर निष्कासन गरेको हुनुपर्ने :**
- प्रति शेयर रु १०० मा हकप्रद शेयर निष्काशन गरिएको ।

**२. प्रति शेयर नेटवर्थ रु.१०० भन्दा बढी भएको हुनुपर्ने :**
- आ.व. २०७३।०७४ पौष मसान्त सम्म प्रति शेयर नेटवर्थ रु.१२७।०१ रहेको ।

**३. अंकित मूल्यभन्दा बजार मूल्य बढी भएको हुनुपर्ने :**
- २०७३ पौष महिनाको न्यूनतम वजार मूल्य प्रति शेयर रु २४५ रहेको ।

**४. विगत पाँच वर्षदेखि संचालनमा रही कम्तीमा तीन वर्ष नाफामा संचालित भएको हुनुपर्नेछ र संचित नोक्सान हुन नहुने नाफा संचालनमा रहेको :**
- संचित नोक्सानी नभएको र आ.व. २०७०/०७१, ०७१/०७२ र आ.व. ०७२/०७३ मा खुद नाफा - रु हजारमा) क्रमशः रु.३५,७३४,८६६।४८, रु.४६,०२६,४८६।८२ र रु ६६,२४०,४६८।०६ रहेको ।

**५. NPA (Non Performing Assets) नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्र हुनुपर्ने :**
- आ.व. २०७३/०७४ पौष मसान्त सम्म नेपाल राष्ट्र बैंकले तोकेको सिमाभित्र अर्थात ०।३१ प्रतिशत रहेको ।

**६. पूँजी बृद्धि गरिएको सम्वन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको हुनुपर्ने** : कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३।१२।१९ गते अभिलेख भैसकेको ।

**(श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण**

| विकास बैंकको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७२/२०७३ | ५९४ | २९८ | ५९४ | १०९२४० |
| २०७१/२०७२ | ४५० | २७० | ३५० | ८९७८४ |
| २०७०/२०७१ | ३४९ | ७४ | ३२१ | २४४३९।७६ |

| विकास बैंकको विगत तीन महिनाको शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| महिना | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| फागुन | ४६० | ३२२ | ३३० | ७१८८ |
| माघ | ३४७ | २७० | २८० | १००९४ |
| पौष | ३२० | २४५ | २८५ | १५४५३ |

**नोटः** विकासबैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

**अन्य :**

**(क) धितोपत्र सिडिएसमा दर्ता गर्ने सम्वन्धमा :**
नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र साविक शेयरधनीहरुमा निष्कासन भई बाँडफाँट भए पश्चात सिडिएसमा दर्ता गराई धितोपत्र अभौतिक रुपमा समेत उपलब्ध गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्ने छ ।

**(ख)** धितोपत्र निष्कासनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरण लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु निष्कासन तथा बिक्री प्रवन्धकको website :www.siddharthacapital.comतथा निष्कासन बैंकको website: www.purnimabank.comमा राख्ने व्यवस्था गरिनेछ ।

**(ग)** धितोपत्र बोर्डबाट स्वीकृत भएको विवरण सार्वजनिक निष्कासनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइने छ ।

**(ष) यस “हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री निधान चन्द्र श्रेष्ठ | अध्यक्ष | |
| २. | श्री सुरज उप्रेती | संचालक | |
| ३. | श्री मदन कंडेल | संचालक | |
| ४. | श्री ललित बहादुर चन्द | संचालक | |
| ५. | श्री राजेन्द्र प्रसाद श्रेष्ठ | संचालक | |
| ६. | श्री हरिहर प्रसाद नेपाल | संचालक | |

**(स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेनस् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।